**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति – २०६४ ज्येष्ठ ११**

---

## संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालद्वारा बेपत्ता पार्ने कार्यलाई अपराधकरण गर्ने कदमहरूको स्वागत तथा बेपत्तासम्बन्धी विधेयकलाई अझ सबल बनाउन आह्वान

अन्तरिम व्यवस्थापिका-संसदसमक्ष हाल विचाराधीन रहेको "बेपत्तासम्बन्धी विधेयक"का सम्बन्धमा उच्चायुक्तको कार्यालय-नेपालले अन्तरिम व्यवस्थापिका-संसदका सम्माननीय सभामुख सुवास नेम्बाङसँग आज भेट गर्‍यो। मानवअधिकार उच्चायुक्तकी प्रतिनिधि लेना सुन्धले बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधकरण गर्नेतर्फ एक महत्त्वपूर्ण कदमको रूपमा विधेयकको स्वागत गर्नुभयो तथा विधेयक अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मापदण्डहरू अझ बढी पूर्णरूपबाट समाहित हुन् भन्ने सुनिश्चित गर्न त्यसलाई अझ सबल बनाउनका लागि सिफारिस प्रस्तुत गर्नुभयो। यी मापदण्डमध्ये सन् १९९२ मा संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा पारित बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी घोषणापत्र पर्दछ, जसले बलपूर्वक बेपत्ता पार्ने कार्य हुन नदिन, यसको अन्त्य गर्न, अनुसन्धान गर्न, सजाय गर्न तथा न्याय दिलाउन राज्यले गर्नैपर्ने व्यापक सिद्धान्तलाई समेटेको छ।

उच्चायुक्तको कार्यालय-नेपालका सिफारिसमध्ये एउटा सो विधेयकलाई विगतमा भएका बलपूर्वक बेपत्ता पार्ने कार्यमा लागू गर्न योग्य बनाउनु हो। अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनले सामान्यतया फौजदारी कानुनको पश्चातदर्शी प्रयोगलाई निषेध गरे तापनि बलपूर्वक बेपत्ता पार्ने कार्य जस्ता अपराधका सम्बन्धमा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत महत्त्वपूर्ण अपवाद छ। यसअतिरिक्त, बेपत्ता पारिएको व्यक्तिको भाग्यस्थिति स्पष्ट नभइञ्जेल, बेपत्ता पार्ने कार्यलाई अन्तर्राष्ट्रिय कानुनअन्तर्गत विगतको अपराधभन्दा चालु अपराधका रूपमा नै बुझिन्छ।

उच्चायुक्तको कार्यालय-नेपाल सो विधेयकले नेपाली सेनाका कर्मचारीलगायत बलपूर्वक बेपत्ता पार्ने कार्य गरेका भनी आरोपित सबै व्यक्तिमाथि नागरिक अदालतको क्षेत्राधिकार रहनेछ भनी प्रष्ट रूपले उल्लेख गर्नुपर्छ भन्ने पनि विश्वास गर्दछ। अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मापदण्डअनुसार साधारण नागरिक अदालतमा गम्भीर मानवअधिकार उल्लङ्घन गर्ने सैनिक कर्मचारीमाथिको क्षेत्राधिकार रहन्छ।

उच्चायुक्तको कार्यालयका सिफारिसमा निम्नलिखित कुराहरू पनि संलग्न छन् :

- बलपूर्वक बेपत्ता पार्ने कार्यको अन्तर्राष्ट्रिय रूपमा स्वीकृत परिभाषाका तत्वलाई पूर्णरूपमा समावेश गर्ने (उदाहरणार्थ, सरकारी अधिकारी मात्र नभई सरकारको समर्थन वा सहमतिमा काम गरिरहेको व्यक्तिलाई पनि जिम्मेवार ठहर्‍याउन सकिने कुराको सुनिश्चत गरेर);
- अपराधको चरम गम्भीरतालाई प्रतिविम्बित गर्न बेपत्ता पार्ने कार्यका लागि सजाय थप गर्ने (विधेयकले अधिकतम पाँच वर्षको कारावास सजाय र रु ५०,००० सम्मको जरिवानाको व्यवस्था गरेको छ);

- अपराधको चरम गम्भीरता एवं यसको निरन्तरताको प्रकृतिलाई ध्यानमा राखेर अदालतमा दर्ता गरिने बेपत्ता पारिएको सम्बन्धी मुद्दाको समयावधि थप गर्ने (विधेयकले कुनै व्यक्ति बेपत्ता वा रिहा भएको थाहा भएको वा उसको वास्तविकता सार्वजनिक भएको ६ महिनाभित्र यो गरियोस् भनी व्यवस्था गरेको छ);
- बेपत्ता पारिएका व्यक्तिहरूका निकट परिवार तथा आश्रितलगायत पीडितलाई पर्याप्त हर्जाना उपलब्ध गर्ने;

"बलपूर्वक बेपत्ता पार्ने कार्य सर्वाधिक गम्भीर मानवअधिकार उल्लङ्घनमध्ये पर्दछ र यो पीडितको परिवारजनका लागि मानसिक रूपले अत्यन्त कष्टप्रद हुन्छ। बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधकरण गर्ने कुरा पीडकलाई न्यायसमक्ष ल्याउनेतर्फको एउटा उत्साहजनक कदम हो। तथापि, सम्बद्ध अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मापदण्डलाई समेट्ने बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी एउटा बृहत् कानुन नेपाल सरकार दण्डहीनता अन्त्य गर्ने र जवाफदेहीता सुनिश्चित गर्नेतर्फ गम्भीर छ भन्ने एउटा अझ बलियो सङ्केत हो", मानवअधिकार उच्चायुक्तकी नेपालस्थित प्रतिनिधि लेना सुन्धले भन्नुभयो ।

For further information contact Mr. Chun Bahadur Gurung at OHCHR-Nepal:
Tel.: 428 0164 (Ext. 320) - Mobile: 98510 16937 or Email: cgurung@ohchr.org